# सिमकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश, नेपाल

मिति:- २०७९।१२।३०

प.स. :-२०७९।०८०

च.न. :- १९३८

---

**विषय: शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।**

**श्री विद्यालयहरु सबै**

प्रस्तुत विषयमा **"समयमै भर्ना,समयमै ज्ञान;गुणस्तरीय शिक्षा,सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ यस कार्यालयको मिति २०७९।१२।३० गतेको निर्णयानुसार यस सिमकोट गाउँपालिकामा शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्नका लागि विद्यालयहरुले तपसिल बमोजिम गरी **विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम** सञ्चालन गर्न हुन निर्णयानुसार अनुरोध छ।

तपसिलः

**विद्यालयः**

- विद्यालय व्यवस्थापन समितिको बैठकबाट नै निर्णय गराई कार्यतालिका सहित विद्यार्थी भर्ना कार्यक्रम **२०८० बैशाख ३ गते देखि १५ गते** सम्म सञ्चालन गर्ने,
- भर्ना हुन आउने बालबालिकालाई  तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गारउने,
- विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्र भित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्ने। यसका लागि सामाजिक सञ्जाल,स्थानीय मेला पर्व,समाजिक साँस्कृति रितिरिवाज अनुसार गरिने संस्कार आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने,
- कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा सेवा क्षेत्र भित्र विद्यालय रहेका बालबालिकाको लगत संकलन,तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान,विद्यालय भर्नाका लागि घरदैलो,सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने,
- विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र शिक्षा,युवा तथा खेलकुद शाखामा पेश गर्ने,
- विद्यालयमा भर्ना हुने आउने बालबालिकाको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा अभिलेखमा राख्ने, साथै अन्य विद्यालयबाट आएका विद्यार्थीहरुको भर्ना गर्दा लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रलाई समेत अनिवार्य गर्ने,
- लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र लिई अन्य विद्यालयमा स्थानान्तरण भई सकेका विद्यार्थीहरुको विवरण Iemis बाट हटाउने।

**अभिभावक**

- आफ्ना बालबालिकालाई पायक पर्ने विद्यालयमा जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत लिएर विद्यार्थी भर्ना गराउनुपर्ने,
- बालबालिका भर्ना गरेपश्चात विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक सेट प्राप्तिका लागि विद्यालयलाई सहयोग गर्ने ,
- आफ्ना बालबालिकालाई एक भन्दा बढी विद्यालयमा भर्ना नगर्ने,
- आफ्ना टोल,छरछिमेका रहेका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गराउनका लागि सुसूचित,जानकारी एवं अभिप्रेरित गर्ने।

बजिर रोकाया
नि.प्रमुख प्रशासकीय अधिकृत

---

"उच्च हिमाली, विविधतायुक्त, व्यपारीक र पर्यटकीय सहर : समृद्ध  हाम्रो सिमकोट नगर "

फोन न.-0977-087680094,9858320192 वेवसाइड-www.simkotmun.gov.np

इमेल:-ito.simkotmun@gmail.com/  info@simkotmun.gov.np